यो जानकारी बिरामीहरुको लागि हो ।

# केलाइटिक् २०% मलम

(Kelytic 20% ointment)

बाहिरी प्रयोगको लागि मात्र

Composition (सुत्र)

Salicylic acid BP 20% w/w ointment (मलम)

**केलाइटिक् २०% प्रयोग गर्नु भन्दा पहिले यो जानकारी राम्रो सँग पढ्नु होला ।**

**१. औषधिको नाम**

केलाइटिक् २०% मलम

**२. औषधिको बारेमा (Description)**

केलाइटिक् २०% मलममा औषधि Salicylic Acid 20% छ । यो औषधिले Keratolytic र Caustic असर दिन्छ । केलाइटिक् २०% हात र खुट्टाको ठेला (Callus) र मुसाको (Warts) उपचारमा प्रयोग गरिन्छ ।

**३. केलाइटिक्मा के छ ?**

केलाइटिक्मा Salicylic Acid 20% w/w औषधि छ ।

**४. केलाइटिक्को प्रयोगहरू के के हुन् ?**

केलाइटिक् २०% Keratolytic र Caustic असरको लागि मुसामा र हात,खुट्टाको ठेलामा सतही (Topically) रुपमा प्रयोग गरिन्छ ।

**५. केलाइटिक् २०% कति मात्रामा र कसरी प्रयोग गर्ने ?**

- दिनको १–२ पटक ६–१२ हप्ता सम्म मुसामा (Warts) वा चिकित्सकको सल्लाह बमोजिम प्रयोग गर्ने ।
- दिनको १–२ पटक २ हप्ता सम्म हात र खुट्टाको ठेलामा (Corns & Calluses) वा चिकित्सकको सल्लाह बमोजिम प्रयोग गर्ने ।

## प्रयोग गर्ने तरिका

- केलाइटिक् २०% बाहिरी प्रयोगको लागि मात्र हो ।
- असर परेको भाग (मुसा वा ठेला) लाई राम्रो सँग बिस्तारै पानीले धुनुहोला ।
- मुसालाई (Wart) मनतातो पानीमा ५ मिनेट सम्म भिजाउनुहोला ।
- त्यस पछि एकछिन सुक्न दिनुहोला ।
- मुसा वा ठेला नजिकैको छालालाई औषधिबाट बचाउँनका लागि Vaseline or Moisturizing मलम मुसा वा ठेलाको वरिपरि छालामा लगाउनुहोला ।
- औषधि लगाउँदा मुसा र ठेलामा मात्र पर्नेगरि लगाउनुहोला, वरिपरीको छालामा नपार्नुहोला ।
- त्यसपछि राम्रोसँग सुक्न छाडिदिनुहोला ।
- यहि प्रक्रियालाई दिनको १ वा २ पटक दोहोर्‍याउनुहोला वा चिकित्सकको सल्लाह बमोजिम गर्नुहोला ।

**६. कुन अवस्थामा र कुन ठाउँमा केलाइटिक् २०% प्रयोग गर्न नहुने ?**

- केलाइटिक् २०% अनुहार, आँखाको नजिक, नाक, मुखमा नलगाउनुहोला ।
- केलाइटिक् २०% धेरै ठाँउमा (क्षेत्रफलमा) लामो समय (१२ हप्ता भन्दा बढि) नलगाउनुहोला ।
- चोट लागेको, काटेको, रातो भएको छालामा केलाइटिक् २०% नलगाउनुहोला ।
- केलाइटिक् २०% सँगै अरु औषधि एकै ठाउँमा प्रयोग नगर्नुहोला ।

- यो औषधि कोठीमा, जन्मदेखिको निसानमा (Birthmark) कपाल उम्रेको मुसामा, गुप्ताङ्गमा (Genital warts), अनुहार को मुसामा (Warts on face or mucous membrane) प्रयोग नगर्नुहोला ।
- २ वर्ष भन्दा मुनिको बच्चामा प्रयोग नगर्नुहोला ।
- केलाइटिक् २०% गर्भवति (Pregnant) र स्तनपान (Breast Feeding) गराउने महिलाले प्रयोग नगर्नुहोला वा चिकित्सकको सल्लाह बमोजिम मात्र प्रयोग गर्नुहोला ।
- केलाइटिक् २०% मधुमेहको रोगीले प्रयोग नगर्नुहोला वा चिकिसकको सल्लाह बमोजिम मात्र प्रयोग गर्नुहोला ।
- यदि, तपाई यो औषधि (Salicylic Acid) प्रति संवेदनशिल हुनुहुन्छ भने केलाइटिक् २०% प्रयोग नगर्नुहोला ।

### ७. प्रतिअसर (Side effect)

प्रतिअसर सबैलाई नदेखिन सक्छ । कसैलाई छालामा निम्न अनुसार को प्रतिअसर हुन सक्छ ।

- पोल्ने
- छाला रातो हुने
- सुख्खा हुने
- झनझनाउने
- छाला उक्किने (peeling of skin)

तर यो प्रतिअसर हल्का वा मन्द रुपमा मात्र देखिन सक्छ ।

### ८. अतिमात्रा (Overdose) को प्रतिअसर

यदि तपाईले केलाइटिक् २०% मलम लगाँउदा

- कान बज्ने (Ringing sound in ear),
- वाक वाक लाग्ने (Vomiting),
- पखला लाग्ने (Diarrhoea),

जस्ता असर देख्नु भयो भने प्रयोग तत्काल रोक्नुहोला र चिकित्सकको सल्लाह लिनुहोला ।

### ९. केलाइटिक् २०% लगाउन छुटेमा

औषधि लगाउन सम्झने बित्तिकै लगाउनुहोला तर दोब्बर मात्रामा नलगाउनुहोला ।

### १०. केलाइटिक् २०% सचँय (Storage) गर्ने तरिका

- केलाइटिक् २०% मलम बच्चाहरुले नभेट्ने र ओभानो ठाँउमा सुरक्षित राख्नुहोला ।
- घाम पर्ने ठाँउमा नराख्नुहोला ।
- म्याद समाप्त भएको औषधि प्रयोग नगर्नुहोला ।

### ११. प्रस्तुती (Presentation)

केलाइटिक् २०% मलम १५ ग्राम को ट्युबमा उपलब्ध छ ।

**Deurali-Janta Pharmaceuticals Pvt. Ltd.**
GPO Box 4239, 355 Hattisar Road, Kamalpokhari, Kathmandu, Nepal.
Tel: 4435167/68/69 E-mail: mplanning@deuralijanta.com
Website: www.deuralijanta.com